नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाण्डौ, नेपाल

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

## प्रेसविज्ञप्ति

पश्चिम एसियामा विकसित पछिल्लो घटनाक्रम, विद्यमान सुरक्षा स्थिति तथा त्यस क्षेत्रमा कार्यरत नेपाली नागरिकहरूको अवस्था लगायतका विषयहरूमा नेपाल सरकारका सम्बन्धित निकायहरूबीच नियमित रूपमा हुँदै आएको विचारविमर्शके क्रममा आज परराष्ट्र मन्त्री माननीय प्रदीपकुमार ज्ञवालीज्यूको अध्यक्षतामा परराष्ट्र मन्त्रालयमा विभिन्न सरोकारवाला निकायको प्रतिनिधित्व रहेको एक बैठक सम्पन्न भयो । उक्त बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; परराष्ट्र मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; रक्षा मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय; अर्थ मन्त्रालय; गृह मन्त्रालय; नेपाली सेना; वैदेशिक रोजगार विभाग र अध्यागमन विभागका उच्च प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

आजको बैठकले पश्चिम एसियामा विकसित घटनाक्रमलाई नजिकबाट नियाल्ने र परिस्थिति अनुरूप आवश्यकतानुसार समन्वित ढङ्गबाट त्यस क्षेत्रमा रहेका नेपाली नागरिकहरूको सुरक्षाका लागि तयारी समेत गर्नको लागि परराष्ट्र मन्त्रालयको मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखा प्रमुखको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; गृह मन्त्रालय; रक्षा मन्त्रालय; अर्थ मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाली सेनाका प्रतिनिधि समेत रहेको एक अन्तर्निकाय समन्वय समिति गठन गर्ने निष्कर्ष निकालेको छ ।

२४ पुस २०७६
परराष्ट्र मन्त्रालय
काठमाण्डौ ।